दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २६३ | बुटवल | २०८३ असोज २३ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday October 09, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## कांग्रेस महाधिवेशन :

# नेतृत्व चुन्न आज मतदान

**लुम्बिनी संवाददाता**
*बुटवल*



नेपाली कांग्रेसको १५औं महाधिवेशनअन्तर्गत नेतृत्व छान्नका लागि आज मतदान हुने भएको छ। बिहीबार बिहान १० बजेका लागि तय गरिएको मतदान तीनपटक सारेर दिउँसो साढे २ बजेसम्मलाई सारिएको थियो। त्यसपछि पनि मतदान हुन नसकेपछि आज शुक्रबार बिहान मतदान हुने गरी सारिएको केन्द्रीय निर्वाचन समितिले जानकारी दिएको छ। निर्वाचन समितिका संयोजक वरिष्ठल अधिवक्ता प्रेमबहादुर खड्काका अनुसार आज शुक्रबार बिहान ७ बजेदेखि मतदान सुरु हुनेछ।

निर्वाचन समितिले निर्वाचन सामग्री प्रेसबाट आउन ढिलाइ भएको कारण देखाएको छ। नयाँ नेतृत्व चयनका लागि सभापति पदमा गगनकुमार थापा र श्यामकृष्ण खड्गीबीच प्रतिस्पर्धा हुने भएको छ। सभापतिका अर्का उम्मेदवार किशोरसिंह राठौरले उम्मेदवारी फिर्ता लिएपछि सभापति पदको निर्वाचन थापा र खड्गीबीच हुने भएको हो।

वरिष्ठ उपसभापति पदमा विश्वप्रकाश शर्मा निर्विरोध निर्वाचित भएका छन्। त्यस्तै, महिला उपसभापति पदमा पुष्पा भुसालको मात्रै उम्मेदवारी परेकाले उनी पनि निर्विरोध निर्वाचित भएकी छन्।

उप-सभापतिको खुलातर्फ भने डा. चन्द्रकान्त भण्डारी, देवराज चालिसे, सुरेन्द्रराज पाण्डे, मधु आचार्य, डा. मिनेन्द्र रिजाल, दीपक गिरी, धनराज गुरुङ, गोविन्द भट्टराई र डा. चन्द्रमोहन यादव उम्मेदवार छन्। समावेशीतर्फ विनोद चौधरी, फरमुल्लाह मन्सुर, जीवन परियार, रञ्जित कर्ण र सीता गुरुङ प्रतिस्पर्धामा छन्।

महामन्त्रीका तीन पदका लागि ११ जना उम्मेदवार चुनावी मैदानमा छन्। खुलातर्फ प्रदीप पौडेल, गुरुराज घिमिरे, उदयशमशेर राणा, अमरसिंह पुन, नैनसिंह महर, शंकर तिवारी, डा. सुनील शर्मा र डा. सन्तोष उपाध्याय उम्मेदवार छन्। महिला महामन्त्रीतर्फ डिला संग्रौला, रिता खनाल र महालक्ष्मी उपाध्याय 'डिना' प्रतिस्पर्धामा छन्। नयाँ व्यवस्थाअनुसार तीन महामन्त्रीमध्ये कम्तीमा एक जना महिला हुनुपर्ने प्रावधान रहेकाले महिला महामन्त्रीका लागि छुट्टै निर्वाचन हुने भएको हो।

सहमहामन्त्रीका विभिन्न समूहमा पनि उम्मेदवारहरूले प्रतिस्पर्धा गर्ने भएका छन्। महिला सहमहामन्त्रीतर्फ नानुमाया बास्तोला र प्रतिमा गौतम मैदानमा छन्। खुलातर्फ अजयबाबु शिवाकोटी, अमृतकुमार अर्याल, देवेन्द्रराज कण्डेल, दिनेश कोइराला, डिल्लीराम सुवेदी, विकास कोइराला, विमलराज क्षेत्री, रमेशप्रसाद धमला, रामहरि खतिवडा र राजीव ढुंगाना उम्मेदवार छन्।

आदिवासी जनजातितर्फ ओमबहादुर घर्ती मगर, तारामान गुरुङ, दिलमान पाख्रिन, प्रशान्तमानसिंह मास्के र बहादुरसिंह लामा तामाङ उम्मेदवार छन्। दलिततर्फ नरेन्द्र पासवान, प्रकाश रसाइली 'स्नेही', मानबहादुर नेपाली र लक्ष्मी परियारबीच प्रतिस्पर्धा हुनेछ।

मधेसीतर्फ अजयकुमार चौरसिया, अभिषेकप्रताप शाह, किरण यादव, नगिना यादव, मनिषकुमार मिश्र, महेन्द्र यादव, मुक्ताकुमारी यादव र रामपल्टन शाह उम्मेदवार छन्। खस-आर्यतर्फ जगदीश्वर नरसिंह केसी, मनोजमणि आचार्य र शुभराम बस्नेत प्रतिस्पर्धामा छन्।

थारू समूहबाट तेजुलाल चौधरी, योगेन्द्र चौधरी र सुरेन्द्रप्रसाद चौधरी उम्मेदवार बनेका छन्। मुस्लिमतर्फ अतहर कमाल मुसलमान, अब्दुल सत्तार र डा. मो. फिरदौश आलम चुनावी मैदानमा छन्। पिछडिएको क्षेत्रतर्फ जीवनबहादुर शाही, कर्णबहादुर बुढा, जनकराज गिरी, रामबहादुर बिष्ट, नारायणप्रसाद भट्टराई, मिनबहादुर भाम र राजन कुँवर उम्मेदवार छन्।

त्यस्तै, अल्पसंख्यक वा अपाङ्गता समूहबाट आङगेलु शेर्पा, नगेन्द्रकुमार कुमाल, बाबुकृष्ण सापकोटा र योगेश गौचन थकाली उम्मेदवार बनेका छन्। विभिन्न समूह र क्लस्टरअनुसार उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएसँगै कांग्रेस महाधिवेशनमा नेतृत्व चयनको प्रक्रिया थप प्रतिस्पर्धात्मक बनेको छ।

**लुम्बिनीबाट को को छन् उम्मेदवार ?**

नेपाली कांग्रेसको १५औं महाधिवेशनमा लुम्बिनी प्रदेशबाट केन्द्रीय पदाधिकारीका विभिन्न पदमा ७ जनाले प्रतिस्पर्धा गर्दैछन्।

पार्टीको उपसभापतिका लागि तीन जनाले प्रतिस्पर्धा गर्दैछन्। दाङका दीपक गिरी, गुल्मीका डा.चन्द्रकान्त भण्डारी र नवलपरासीका विनोद चौधरीले उपसभापतिमा उम्मेदवारी दिएका छन्। चौधरीले समावेशी उपसभापतितर्फ उम्मेदवारी दिएका हुन्।

बर्दियाका किशोरसिंह राठौरले सभापतिमा उम्मेदवारी दर्ता गरेपनि गगन थापालाई असहयोग गरे जस्तो देखिने भन्दै बुधबार उम्मेदवारी फिर्ता लिए। अर्घाखाँचीकी पुष्पा भुसाल महिला उपसभापतिमा निर्विरोध निर्वाचित भइन्। उनी कांग्रेसको विशेष महाधिवेशनबाट उपसभापति बनेकी थिइन्। पूर्व उपसभामुख रहेकी उनी विशेष महाधिवेशन अघि शेरबहादुर देउवा समूहमा थिइन्।

यस्तै, महामन्त्रीमा रोल्पाका अमरसिंह पुन तथा सहमहामन्त्रीमा कपिलवस्तुका अभिषेकप्रताप शाह, दाङका योगेन्द्र चौधरी र नवलपरासीका देवेन्द्रराज कंडेलले प्रतिस्पर्धा गर्दैछन्।

रोल्पाबाट महाधिवेशन प्रतिनिधिमा सर्वसम्मत चयन भएका पुन हाल पार्टीको लुम्बिनी प्रदेश सभापति छन्। पुन पार्टीभित्र शेरबहादुर देउवा इतर समूहमा खुलेर निरन्तर लागेका नेतामध्ये एक हुन्। पार्टीको केन्द्रीय नेतृत्वमा जाने उद्देश्यसहित महामन्त्रीमा प्रतिस्पर्धा गर्न लागेको पुनले बताएका छन्।

सह-महामन्त्रीमा प्रतिस्पर्धा गरिरहेका योगेन्द्र चौधरी विशेष महाधिवेशनबाट सहमहामन्त्री भएका थिए। अभिषेकप्रताप शाह र देवेन्द्रराज कँडेलले पहिलोपटक सहमहामन्त्री पदमा उम्मेदवारी घोषणा गरेका छन्। शाह प्रतिनिधिसभा सदस्यसमेत हुन्। कंडेल यसअघि यसअघि केन्द्रीय सदस्य थिए। महाधिवेशनमा लुम्बिनी प्रदेशबाट एक हजार नौ जना महाधिवेशन प्रतिनिधि मतदाताका रूपमा सहभागी छन्।

**केन्द्रीय सदस्यमा को को भिड्दैछन् ?**

केन्द्रीय सदस्य पदका लागि लुम्बिनी प्रदेशबाट दर्जनौँले प्रतिस्पर्धा गर्दैछन्। प्रदेश खुल्लातर्फ तीन पदका लागि ९ जनाले प्रतिस्पर्धा गरेका छन्। जसमा अमर प्रसाद भण्डारी, कमल प्रसाद भुसाल,कमल किशोर घिमिरे, धनेन्द्र कार्की, प्रचण्ड विक्रम न्यौपाने (गुण्टु), प्रदीपराज शर्मा, मोतीलाल भण्डारी,विष्णु प्रसाद खनाल (मुस्कान) र हिरा बहादुर खत्री उम्मेदवार छन्। कार्की र न्यौपाने प्रदेश सरकारका पुर्व मन्त्री हुन्। हिरा खत्री देवदह नगरपालिकाका पूर्व मेयर हुन्।

केन्द्रीय सदस्य ३५ वर्षमुनिका युवा-महिला एक पदका लागि कमला हमाल,बबिता शाही,संचिता ज्ञवाली,सुष्मा पाण्डे र सुस्मिता ढुंगाना गरी ५ जनाले प्रतिस्पर्धा गरेका छन्।

केन्द्रीय सदस्य ३५ वर्षमुनिका युवा खुल्ला एक पदका लागि अनुकूल रेग्मी, अनुराग खड्का,कुमार आचार्य,दिपेन्द्र रेग्मी,राकेश यादव,ई. शम्भु रेग्मी र डा. सुदन कुमार वली गरी ७ जनाले प्रतिस्पर्धा गर्दैछन्। रोल्पाका डा. वली अर्थशाष्त्री हुन्। उनी प्रदेश योजना आयोगका पूर्व सदस्य हुन्।

यस्तै केन्द्रीय सदस्य खुल्लामा लुम्बिनी प्रदेश सांसदहरु निमा गिरी, जमुना ढकाल, प्रा.डा.गोविन्दराज पोखरेल,पुर्व मन्त्री जन्मजय तिमिल्सेना, पुर्व अर्थ राज्यमन्त्री भरतकुमार शाह,पुर्व प्रदेश सांसद निर्मला क्षेत्री,इन्जिनियर अमृत ज्ञवाली,हिमालदत्त श्रेष्ठ, बुटवलका मेयर खेलराज पाण्डेय, विजय गुरुङ, शुशिल गुरुङ, गंगा शाही,रिता सेन ओली लगायत उम्मेदवार छन्। यस्तै पेशागत तर्फ सीए पदम भट्टराई, प्रचण्ड संग चुनाव लडेकी रुकुम पूर्वकी कुसुमदेवी थापा मगर पनि केन्द्रीय सदस्यका उम्मेदवार छन्।

## बुटवल उद्योग वाणिज्य संघको २६औं अधिवेशन :

# टंक गैरे नेतृत्वको प्यानल सार्वजनिक



बुटवल। बुटवल उद्योग वाणिज्य संघ, रूपन्देहीको २६औँ अधिवेशनमा नयाँ नेतृत्वका लागि टंक प्रसाद गैरे र नरिश्वर शर्मा पौडेल नेतृत्वका दुई प्यानल चुनावी मैदानमा उत्रिएका छन्। दुवै समूहले पदाधिकारी तथा सदस्य उम्मेदवारको अलग अलग प्यानल घोषणा गरेका छन्। गैरे नेतृत्वको प्यानलले बिहीबार 'परिणाममुखी संयुक्त नेतृत्व, समृद्ध बुटवलको साझा प्रतिबद्धता' नारासहित उम्मेदवार र १० बुँदे प्रतिबद्धता सार्वजनिक गरेको हो। त्यसअघि पौडेल नेतृत्वको प्यानलले पनि पत्रकार सम्मेलनमार्फत उम्मेदवारी घोषणा गरिसकेको छ।

संघको अध्यक्षका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष टंकप्रसाद गैरे र पूर्व वाणिज्य उपाध्यक्ष एवं बुटवल ४ का वडाध्यक्ष नरिश्वर शर्मा पौडेल आमनेसामने भएपछि अधिवेशनमा नेतृत्वका लागि प्रतिस्पर्धा थप रोचक बनेको छ। गैरे र पौडेल दुबै नेपाली कांग्रेस निकट व्यवसायी हुन्।

गैरेको नेतृत्वमा वरिष्ठ उपाध्यक्षमा विमलराज भट्टराई, उद्योग उपाध्यक्षमा दिनेश श्रेष्ठ, वाणिज्य उपाध्यक्षमा मुक्तिप्रसाद अधिकारी, महासचिवमा जमुना पौडेल, सचिवमा काशीराम शर्मा पौडेल, कोषाध्यक्षमा टिकाराम बञ्जाडे र सह-कोषाध्यक्षमा जाकिर हुसैन उम्मेदवार छन्।

सदस्यतर्फ बालकृष्ण पौडेल, दिपक बास्तोला, गोपाल बस्याल, प्रविण श्रेष्ठ, सुनिता अर्याल, मनिष कुमार श्रेष्ठ, मिलन कुमार भारी, राजेश भट्टराई, सुनिता गिरी, पुजा श्रेष्ठ, मनिष खनाल, गणेश प्रसाद सेढाई, लालप्रसाद खनाल, जनक श्रेष्ठ, गोपाल अर्याल, मुक्तिप्रसाद श्रेष्ठ र ठाकुर घिमिरे उम्मेदवार छन्।

गैरे समूहले 'आश्वासन होइन परिणाम, व्यक्ति होइन संस्था, एकल नेतृत्व होइन संयुक्त नेतृत्व' भन्ने संकल्प अघि सारेको छ।

अध्यक्षका उम्मेदवार गैरेले आफू २०४८ सालदेखि संघको सदस्य, कार्यसमिति सदस्य हुंदै पदाधिकारीका विभिन्न पदमा रहेर काम गर्दै वरिष्ठ उपाध्यक्षसम्म आइपुगेको र अब अध्यक्षका लागि स्वतः हकदार भएको बताए।

उनले आफूले उद्योगी व्यवसायीका समस्या र पीर मर्का नजिकबाट बुझेको उल्लेख गर्दै बजारमा देखिएको मन्दी, अव्यवस्थित पूर्वाधार, नीतिगत अस्पष्टता र अस्वस्थ प्रतिस्पर्धाका कारण उद्योगी-व्यवसायीले भोग्नुपरेको समस्या समाधानमा केन्द्रीत हुने प्रतिबद्धता जनाए।

उनले संघलाई उद्योगी-व्यवसायीका समस्या समाधान गर्ने साझा मञ्चका रूपमा विकास गर्ने,उद्योगी-व्यवसायीको सम्मान तथा संरक्षण, व्यवसायमैत्री नीति र वातावरण निर्माण, लगानी तथा उद्योगको सुरक्षा, बुटवलको पूर्वाधार विकास, बजार विस्तार तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिलाई प्रमुख एजेन्डा बनाएको बताए।

त्यस्तै डिजिटल तथा आधुनिक व्यवसाय प्रवर्द्धन, युवा तथा महिला उद्यमशीलतामा पहुँच विस्तार, पर्यटन र स्थानीय अर्थतन्त्रको विकास तथा संघको पारदर्शी र परिणाममुखी सञ्चालनलाई पनि प्राथमिकतामा राखिएको छ।

यसअघि अध्यक्षका प्रत्यासी रहेका एवं संघका पूर्व वरिष्ठ उपाध्यक्ष दिनेशप्रसाद श्रेष्ठले संघमा वरिष्ठ उपाध्यक्ष भएका व्यक्तिलाई सहमतिका आधारमा अध्यक्षमा पुऱ्याएर मात्र ससम्मान बिदा गर्नुपर्नेमा अस्वस्थ चलखेल,गठबन्धन गरेर नेतृत्वमा पुग्न नदिने परिपाटी अन्त्य गर्न आफूले उम्मेदवारी त्यागेर गैरेलाई समर्थन गरेको बताए।

अध्यक्षका अर्का प्रत्याशी नरिश्वर शर्मा पौडेल नेतृत्वको प्यानलले पनि व्यवसायीका समस्या समाधान र संघको संस्थागत सुदृढीकरणलाई मुख्य एजेन्डा बनाएको छ।

पौडेलले व्यवसायीका समस्या समाधान, औद्योगिक क्षेत्रको व्यवस्थापन तथा निजी क्षेत्रको हितलाई प्राथमिकतामा राखेर आफू चुनावी मैदानमा उत्रिएको बताएका छन्।

पौडेल नेतृत्वको प्यानलमा वरिष्ठ उपाध्यक्षमा सुरज भट्टराई, उद्योग उपाध्यक्षमा निर्मित कसजु, वाणिज्य उपाध्यक्षमा बाबुराम विश्वकर्मा, महासचिवमा बसन्तप्रसाद ढकाल, कोषाध्यक्षमा प्रतिक पोखरेल, सचिवमा दिपकप्रसाद चापागाईं र सह-कोषाध्यक्षमा कमला पोखरेल पराजुली उम्मेदवार छन्।

एसोसिएट सदस्यमा भानुभक्त खत्री तथा उद्योग सदस्यमा सुनिता बञ्जाडे, कृष्णप्रसाद पाण्डे, ज्ञानबहादुर पुन र लेखनाथ भण्डारी उम्मेदवार छन्।

वाणिज्य सदस्यतर्फ गणेशप्रसाद भट्टराई, उमेश अमात्य, जगन्नाथ न्यौपाने र रामबहादुर भण्डारी तथा महिला सदस्यतर्फ रेनु श्रेष्ठ र मञ्जु पुरी गिरी उम्मेदवार छन्। त्यस्तै खुला सदस्यतर्फ विष्णु घिमिरे पन्त, दीपक घिमिरे, प्रदीप शाक्य, अलिम दिन, कृष्ण श्रेष्ठ, शिवदेव अर्याल र विष्णु उपाध्याय चुनावी प्रतिस्पर्धामा छन्।

संघको २६औँ अधिवेशन असोज २३ गतेदेखि सुरु हुँदैछ। नयाँ नेतृत्व चयनका लागि २६ गते मतदान हुनेछ। दुई समूहले उम्मेदवारी घोषणा गरेसँगै संघको निर्वाचनमा व्यवसायीहरूबीच ध्रुवीकरणसमेत बढ्ने देखिएको छ। संघमा करिब दुई हजार उद्योगी-व्यवसायी आबद्ध छन्।




# सम्पादकीय

## रेबिजविरुद्धको अभियान

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले रेबिज रोग निवारणसम्बन्धी तीन वर्षे राष्ट्रिय रणनीति तथा कार्ययोजना स्वीकृत गरेको छ। रणनीतिले सन् २०३० सम्ममा कुकुरको टोकाइबाट हुने मानव रेबिज मृत्यु शून्यमा झार्ने लक्ष्य लिएको छ। रेबिजले वर्षेनी सयौंको ज्यान लिइरहेको बेला सरकारले रेबिज रोग निवारणसम्बन्धी रणनीति बनाएर अघि बढ्नु सकारात्मक छ।

आर्थिक वर्ष २०८१/८२ मा कुकुर तथा रेबिज गराउन सक्ने अन्य जनावरको टोकाइका २ लाख २३ हजार ५१० घटना रिपोर्ट भएकोमा ९६ प्रतिशत घटना कुकुरको टोकाइबाट हुने गरेका छन्। रेबिजका ९९ प्रतिशत कारण कुकुरको टोकाइ रहेकोले कुकुरलाई रेबिज मुक्त बनाउनु पनि उत्तिकै आवश्यक छ। कुकुरले टोकेपछि रेबिजविरुद्धको खोप दिने र कुकुरलाई पनि रेबिजविरुद्धको खोप दिने दुवै काम हुन आवश्यक छ। कुकुरको टोकाईको संख्या बढेसँगैं अस्पतालहरुमा रेबिज विरुद्धको भ्याक्सिनको कमी पनि हुँदै आएको छ। बुटवलको लुम्बिनी प्रादेशिक अस्पतालमा पटक–पटक भ्याक्सिनको अभाव हुँदा कतिपय बिरामी भ्याक्सिन लगाउन काठमाडौं जान बाध्य छन्। कुकुरको टोकाई देशभरी भइरहेको छ। शहरी क्षेत्रमा छाडा कुकुरको संख्या बढिरहेको र जनसंख्याको चापले पनि शहरमा कुकुरको टोकाई बढ्दो रहेको देखिन्छ। शहरी क्षेत्रका मान्छे कुकुरले टोक्नेबित्तिकै अस्पतालमा भ्याक्सिन लगाउन जान्छन्। र, जोखिम न्युनिकरण भएको देखिन्छ। तर ग्रामीण क्षेत्रमा कुकुरले टोकेमा बेवास्ता गर्ने प्रवृत्ति धेरै छ, त्यसैले जोखिम बढी छ। ग्रामीण क्षेत्रमा कुकुरले टोकेको तथ्याङ्क छुट्टै नभएपनि अस्पतालको पहुँच नहुँदा बेवास्ता गर्ने प्रवृत्ति छ। दुई वर्षअघि गुल्मीको गुल्मी दरबार पालिकाकि एक महिला कुकुरले टोकेपछि बेवास्ता गर्दा रेबिजले ज्यान गुमाइन्। बेलैमा रेविजविरुद्धको भ्याक्सिन लगाएको भए उनको ज्यान बच्न सक्थ्यो। काठमाडौंको शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पतालमा दैनिक २ सयको हाराहारीमा रेबिजविरुद्धको खोप लगाउन आउने गरेको सरकारी तथ्याङ्क छ। त्यसैगरी लुम्बिनी प्रादेशिक अस्पतालमा अहिले दैनिक १ सयको हाराहारीमा कुकुरले टोकेका बिरामी अस्पताल आइरहेका छन्। गत वर्ष रेविजका कारण ११ जनाको ज्यान गयो। यो चालु वर्षमा चार जनाले ज्यान गुमाएको तथ्याङ्क छ।

रणनीतिअनुसार रेबिज नियन्त्रणका लागि निगरानी तथा प्रयोगशाला परीक्षण सुदृढीकरण, कुकुरमा सामूहिक खोप अभियान, कुकुरको संख्या व्यवस्थापन, कुकुरको टोकाइ तथा चिथोराइको एकीकृत व्यवस्थापन, मानिसमा रेबिजविरुद्धको खोप तथा इम्युनोग्लोबुलिनको पहुँच विस्तारलगायतका कार्यक्रम सञ्चालन गरिनेछ। रणनीतिले कुकुरमा ७० प्रतिशत खोप कभरेज पुऱ्याउने, मानिसमा सहज खोप पहुँच सुनिश्चित गर्ने तथा प्रयोगशाला र रोग निगरानी प्रणाली सुदृढ गर्ने लक्ष्यसमेत अघि सारेको छ।

रणनीति कार्यान्वयनका लागि संघीय तथा प्रादेशिक संरचनाका साथै जिल्ला र स्थानीयस्तरमा परिकल्पना गरिएका समितिमार्फत् सम्बन्धित निकायले वार्षिक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। कार्यान्वयनबाट रेबिजको निगरानी सुदृढ हुने, जोखिममा रहेका कुकुरमा खोपको पहुँच बढ्ने र कुकुरको टोकाइ व्यवस्थापनलाई एकीकृत बनाउने अपेक्षा गरिएको छ। अब रणनीतिअनुसार व्यवहारिक कार्यान्वयनलाई जोड दिनुपर्छ। रणनीति बन्ने तर व्यवहारिक कार्यान्वयनमा पहलकदमी नलिदा लक्ष्यमा पुग्न कठिन हुने प्रवृत्तिलाई अन्त्य गर्न आवश्यक छ।

# प्रविधिको विकाससँगै पेचिलो बन्दै समावेशिता



डा. वाइपी आचार्य

त्यसका लागि प्रविधि निर्माण गर्ने प्रक्रियामै विविध समुदायको सहभागिता, पर्याप्त र प्रतिनिधिमूलक डेटा, पहुँचयोग्य डिजाइन, पारदर्शी एल्गोरिदम र निर्णयमा प्रश्न उठाउन सक्ने व्यवस्था आवश्यक हुन्छ। प्रविधि आफैं समावेशी हुँदैन। हामीले त्यसलाई कसरी बनाउँछौं, कसका लागि बनाउँछौं र कसको आवाज सुनेर बनाउँछौं भन्ने कुराले त्यसको समावेशी चरित्र निर्धारण गर्छ।

प्रविधिको विकास र समावेशिताबिच गहिरो सहसम्बन्ध छ। इन्टरनेटले सबैका लागि सूचनाको पहुँच बढायो। स्मार्टफोनले लाखौंबिच सञ्चार गर्न सहज बनायो। डिजिटल प्रविधिले भौगोलिक तथा सामाजिक बन्धनलाई तोड्दै एक-अर्कासित जोडिन सघायो। एआईले अझै अगाडि बढेर जैविक र भौतिक पक्षबिचको बन्धनलाई तोडेर एकाकार गरायो। समाजका हरेक क्षेत्रमा आमूल परिवर्तनको बाटो खोल्यो। तर, एउटा गम्भीर प्रश्न भने झनै पेचिलो भयो- के प्रविधिको पहुँचले मात्रै सामाजिक समावेशितालाई स्वाभाविक रूपमा बढाउँछ त ?

एउटा व्यक्तिसँग स्मार्ट फोन हुन सक्छ, तर ऊसँग डिजिटल सेवा उपयुक्त तरिकाले लिने सिप नहुन सक्छ। एउटा विद्यार्थीको एआईका साधनमा पहुँच हुन सक्छ, तर त्यसलाई बुझेर उपयोग गर्ने ज्ञान नहुन सक्छ। एउटा अपांगता भएको व्यक्तिमा एआईजडित सेवामा पहुँच भए पनि सेवा प्रयोग गर्ने प्रणाली अपांगतामैत्री भएन भने त्यो कामयाब नहुन सक्छ। महिला, जनजाति वा पछाडि पारिएका समुदायका व्यक्तिसँग डिजिटल साधन हुन सक्छन्, तर पूर्वाग्रह हाबी भएको एल्गोरिदमका कारण तिनले थप विभेद भोग्नुपरेको हुन सक्छ। 'डिजिटल डिभाइड'को सवाल अब कोसँग प्रविधिको पहुँच छ वा छैन भन्नेमा मात्रै सीमित रहेन। बरु कसले यसको प्रयोग गर्छ, कसलाई फाइदा हुन्छ, कसका अनुभवलाई प्रतिनिधित्व गर्छ वा यसका निर्णयले कसलाई बढी प्रभावित गर्छ भन्ने महत्वपूर्ण हुन्छ।

**डिजिटल असमानतादेखि एआई असमानतासम्म**

वर्षौंदेखि हाम्रा बहस डिजिटल असमानतावरिपरि केन्द्रित भए। मूलतः कम्प्युटर, स्मार्टफोन, इन्टरनेट, बिजुली आदिको पहुँचमा केन्द्रित भए। बिस्तारै आममानिसको यी साधनमा पहुँच बढे पनि विभेद घटेन। किनकि, यी साधनमाथि पहुँचभन्दा पनि त्यसलाई प्रयोग गर्ने सिप र यिनले दिने सूचनाको सन्तुलनमा समस्या देखिँदै गयो। महमदलगायतले सन् २०२४ मा गरेको डिजिटल असमानतासम्बन्धी अनुसन्धानहरूको समीक्षाले निम्न आयस्रोत भएका मानिस, वृद्ध, जनजाति, महिला र अपांगता भएका मानिसले अरूको तुलनामा डिजिटल माध्यमबाट कम फाइदा लिने गरेको देखियो। अब एआईले अर्को असमानताको तह पनि थपिदिने भयो। जुन व्यक्ति पहिल्यै शिक्षित छ, डिजिटल सिप राख्छ र आवश्यक आर्थिक लगानी गर्न सक्छ, उसले एआईबाट बढी लाभ लिन सक्छ। यी आधारबाट वञ्चित व्यक्ति भने थप पछाडि पर्न सक्छ। त्यसैले 'एआई टुल्स'लाई आमरूपमा उपलब्ध गराउँदैमा पहिले नै असमान रहेको समाजमा समानता आउँदैन।

एआई प्रणालीले डेटाबाट सिक्छ। तर, ती डेटा असमान समाजबाट उत्पादन गरिएको हुनाले ती पहिल्यै असमान छन्। जुन समुदायका अनुभव डेटामा कम छन्, ती प्रविधिमा स्वाभाविक रूपमा कम पुनरुत्पादन हुन्छन्। अर्कोतिर यदि ती डेटा वा एल्गोरिदमको डिजाइनमै असमानता झल्किएको छ भने अब एआईले असमानतालाई पुनरुत्पादन गर्छ। यी तर्कलाई नयाँ अनुसन्धानले थप उजागर गरेका छन्। ४८ वटा अनुसन्धानको समीक्षाले लैंगिकताबाहेक भाषा, भूगोल, गरिबी, जात-जातीयता र अपांगताजस्ता आयाममा तुलनात्मक रूपमा कम अध्ययन भएको देखाएको छ। यसको अर्थ यी आयाम डेटा र एआईसम्बन्धी अध्ययनमा पनि कम प्रतिनिधित्व हुन सक्ने जोखिम हुन्छ। जब डेटामा उपलब्ध हुँदैन, तब प्रविधि वा एआई जेनेरेटेड निर्णयमा त्यसको प्रतिनिधित्व हुँदैन। जस्तै कुनै एआई टुल्स कुनै भनाइको व्याख्या गर्न वा कन्टेन्ट प्रस्ताव गर्न बनाइएको छ र त्यसलाई प्रशिक्षित गर्दा फरक अवस्था र पिछडिएका समुदायको समेत आवाजलाई सम्मान गर्ने गरी ख्याल गरिएको छैन भने एआईले निश्चित समूहको चाहनालाई मात्रै प्रवर्द्धन गर्छ। त्यसैले, प्रविधि आफैंमा तटस्थ देखिए पनि यसलाई दिइने खुराकका आधारमा यसको नतिजा भने तटस्थ नहुन सक्छ।

**नेपालका सन्दर्भमा एल्गोरिदमको चुनौती**

नेपालको सन्दर्भमा दुईवटा कारणले समावेशिताको प्रश्न झनै पेचिलो हुँदै छ। एक, नेपाल आफैंमा विविधतापूर्ण छ। जति विविधताको बृहत् जालो छ, त्यति नै असमानता पनि व्याप्त छ। अर्कोतिर, असमान समाजमा निर्माण भएका डिजिटल प्रणाली र एआईले प्रयोग गर्ने डेटा पनि असमान हुन सक्छन्।

दुई, नेपालमा प्रयोग भइरहेका धेरै डिजिटल प्रविधि र एआई प्रणाली बाह्य प्रविधि तथा पूर्वाधारमा निर्भर छन्। यस्तो अवस्थामा ती प्रणालीको विकास र तालिमका क्रममा नेपालको सामाजिक, भाषिक र सांस्कृतिक विविधतालाई कति समेटिएको छ भन्ने प्रश्न महत्वपूर्ण हुन्छ। नेपालजस्ता देशका लागि अर्को चुनौती स्थानीय तथ्य, भाषा र सन्दर्भको पर्याप्त डिजिटल प्रतिनिधित्व हो। एआई प्रणालीमा नेपालसम्बन्धी सामग्री तुलनात्मक रूपमा कम वा असन्तुलित रूपमा प्रतिनिधित्व भएको अवस्थामा त्यसले अन्य देश वा सन्दर्भबाट सिकेको सामान्य ढाँचालाई नेपाली सन्दर्भमा लागू गर्न सक्छ। परिणामतः स्थानीय वास्तविकतालाई पर्याप्त रूपमा नसमेट्ने जोखिम हुन्छ। यसलाई अर्को उदाहरणबाट थप स्पष्ट हुन सकिन्छ। मानौं, कुनै एआई प्रणालीले रोजगारीका लागि उपयुक्त उम्मेदवार छनोट गर्न सहयोग गर्छ। यदि उसलाई तालिम दिन प्रयोग गरिएको विगतको तथ्यांकमा पुरुषहरू औपचारिक रोजगारीमा बढिरहेको, निश्चित समुदायका मानिस उच्च शिक्षा र निश्चित पेसामा बढिरहेको वा सहरी क्षेत्रमा मानिसको डिजिटल अभिलेख बढिरहेको देखिन्छ भने प्रणालीले यिनै ढाँचालाई उपयुक्तताको संकेतका रूपमा लिन सक्छ। अब यहाँ समाजमा व्याप्त रहेको असमानता एआईले भविष्यमा दिने निर्णयमा झल्किन्छ। जब मानिसलाई मानवीय निर्णयभन्दा एआईमा बढी विश्वास हुन थाल्छ, तब एआईले पुनरुत्पादन गरेको असमान निर्णयलाई पनि बढी विश्वसनीय ठानिने जोखिम हुन्छ। यसरी असमानता झन् गहिरो बन्दै जान्छ। यहाँ एल्गोरिदमले कसैलाई विभेद गर्ने उद्देश्य राखेको हुँदैन। तर, उसले असमान समाजबाट सिकेको ढाँचा नै दोहोर्‍याउने जोखिम हुन्छ।

यही कुरा बैंकिङ, रोजगारी, शिक्षा, सामाजिक सुरक्षा, स्वास्थ्य वा सरकारी डिजिटल सेवा प्रयोगमा हुने डेटा-आधारित प्रणालीमा पनि लागू हुन सक्छ। उदाहरणका लागि, कुनै व्यक्तिको आम्दानी, शैक्षिक पृष्ठभूमि, बसोवासको स्थान, डिजिटल कारोबार वा विगतको संस्थागत अभिलेखलाई आधार बनाएर कुनै स्वचालित प्रणालीले जोखिम वा योग्यताको अनुमान गर्छ भने पहिले नै अवसरबाट पछाडि पारिएका समुदायका मानिस त्यस प्रणालीमा पनि पछाडि पर्न सक्छन्। यहाँ पुरानो असमानता डेटामा प्रवेश गर्छ, डेटा एल्गोरिदममा पुग्छ र एल्गोरिदमको निर्णयमार्फत फेरि समाजमै पुग्छ। यसरी समाजमै फर्कंदा असमानताले थप विश्वसनीयता प्राप्त गर्छ।

यसैगरी, नेपालमा धेरै भाषा छन्, तर सबै भाषाको डिजिटल सामग्री समान रूपमा उपलब्ध छैनन्। अब कुनै एआई प्रणालीले जुन भाषामा आफू प्रशिक्षित छ वा जुन भाषाका सामग्री उपलब्ध छन्, त्यसैलाई राम्रोसँग बुझ्छ, व्याख्या गर्छ र उत्पादन गर्छ।

यहाँ कम डिजिटल सामग्री भएका भाषामा उसको क्षमता कमजोर हुन सक्छ। उसका निर्णय पूर्वाग्रही हुन सक्छन्। यस्तो अवस्थामा प्रविधिमा सबैको समान पहुँच भए पनि प्रविधिले बुझ्ने र प्रतिनिधित्व गर्ने क्षमता असमान हुन सक्छ। यही कुरा जातिगत वा अन्य सीमान्तकृत समुदायका सवालमा पनि लागू हुन्छ। धेरै 'डिजिटल प्लाटफर्म'का एल्गोरिदमले प्रयोगकर्ताको संलग्नता, रुचि वा लोकप्रियतालाई आधार बनाएर कन्टेन्टको दृश्यता निर्धारण गर्छन्। यस्तो अवस्थामा बहुसंख्यक वा बढी सक्रिय समूहका सामग्रीले बढी दृश्यता पाउन सक्छन्। कम डिजिटल उपस्थिति भएका समुदायका अनुभव तथा आवाज ओझेलमा पर्न सक्छन्। डेटामा उपस्थिति कम हुनु महत्व कम हुनु होइन। तर, एआईले डेटालाई नै समाजको वास्तविक प्रतिनिधित्व ठानेर अदृश्य बनाइदिएका समुदाय प्रविधिमा पनि अदृश्य बन्न सक्छन्।

यसको अर्थ सबै सीमान्तकृत समूहले प्रविधिबाट एउटै प्रकारको समस्या भोग्छन् भन्ने होइन। महिलाका लागि चुनौती डिजिटल पहुँच, सुरक्षा वा अवसरको हुन सक्छ । कुनै जातीय वा जनजातीय समुदायका लागि प्रतिनिधित्व र भाषाको चुनौती हुन सक्छ भने अपांगता भएका व्यक्तिका लागि पहुँचयोग्यता र प्रयोगयोग्यताको। त्यस्तै, ग्रामीण समुदायका लागि पूर्वाधार र कनेक्टिभिटीको चुनौती हुन सक्छ भने गरिब परिवारका लागि उपकरण, डेटा तथा डिजिटल सिपको।

प्रविधिको भविष्यलाई केवल कति छिटो, कति सस्तो वा कति बुद्धिमान् बन्यो भन्ने आधारमा मात्र मापन गर्नुहुँदैन। त्यसले कसलाई समेट्यो, कसको आवाज सुन्यो, कसलाई अवसर दियो र कसलाई पछाडि छोड्यो भन्ने आधारमा पनि मापन गर्नुपर्छ। समावेशी प्रविधि भनेको सबैलाई एउटै प्रविधि उपलब्ध गराउनु मात्र होइन, बरु फरक भाषा, क्षमता, भूगोल, लैंगिकता, जातीयता र आर्थिक अवस्थाका मानिसले त्यसबाट अर्थपूर्ण रूपमा लाभ लिन सक्ने अवस्था सिर्जना गर्नु हो। त्यसका लागि प्रविधि निर्माण गर्ने प्रक्रियामै विविध समुदायको सहभागिता, पर्याप्त र प्रतिनिधिमूलक डेटा, पहुँचयोग्य डिजाइन, पारदर्शी एल्गोरिदम र निर्णयमा प्रश्न उठाउन सक्ने व्यवस्था आवश्यक हुन्छ। प्रविधि आफैं समावेशी हुँदैन। हामीले त्यसलाई कसरी बनाउँछौं, कसका लागि बनाउँछौं र कसको आवाज सुनेर बनाउँछौं भन्ने कुराले त्यसको समावेशी चरित्र निर्धारण गर्छ। त्यसैले हामीले डिजिटल प्रविधि र एआईलाई रोक्ने होइन, समावेशी बनाउने हो।

नयाँपत्रिकाबाट

# सेयर बजारमा सामान्य वृद्धि,



काठमाडौं। धितोपत्र बजारमा परिसूचकमा सामान्य सुधार देखिएको छ। बिहीबार नेपाल स्टक एक्सचेञ्ज परिसूचक नेप्से २.३१ अङ्कले बढेर २५७४.६५ विन्दुमा पुगेको छ।

बजारमा सकारात्मक प्रभाव देखिएसँगै कुल कारोबार रकम ३ अर्ब ९३ करोड रुपैयाँ पुगेको छ। बजारमा १ करोड १२ लाख कित्ता शेयरको कारोबार भएको छ। बजारमा कुल २७८ कम्पनीमध्ये १४० कम्पनीको शेयर मूल्य बढेको छ भने १२७ कम्पनीको मूल्य घटेको छ। ११ कम्पनीको शेयर मूल्य भने स्थिर रहेको छ। कुल ३५४ स्क्रिप्समा कारोबार भएको बजारमा ४३ हजार ८१२ वटा कारोबार सम्पन्न भएका छन्।

कारोबार रकमका आधारमा घलेम्दी हाइड्रोपावर अग्रस्थानमा रहेको छ। कम्पनीको २५ करोड ६५ लाख रुपैयाँभन्दा बढीको कारोबार भएको छ। त्यसैगरी, हिमाल दोलखा हाइड्रोपावर, पिपुल्स हाइड्रोपावर, सोनापुर मिनरल्स र हिमालयन पावर पार्टनर पनि उच्च कारोबार हुने शीर्ष पाँच कम्पनीमा परेका छन्।

बजारमा कुथेली भुखारी स्मल हाइड्रोपावरको शेयर मूल्य १५ प्रतिशतले बढ्नु बाहेक अरू ठुलो उतारचढाव भएन। आरबीबी म्युचुअल फन्ड ८.०७ प्रतिशत गिरावटसहित सबैभन्दा धेरै गुमाउने कम्पनी बन्यो।

# फापर: गरिबको खाना, धनीको औषधि



गरिबको खाना भनेर चिनिएको फापर अहिले धनीमानीले औषधिका रूपमा प्रयोग गर्न थालेका छन्। कुनै बेला फापर खानेलाई हेला गरिन्थ्यो, हेपिन्थ्यो। फापरको लगड र ढ्यास्सु (बाक्लो रोटी) खानेलाई धनीमानीले गिज्याउँथे। गुणकारी अन्न फापरको विशेषता नबुझ्दा गाउँघरतिर पनि हुने खानेले पशुवस्तुलाई दानाको रूपमा खुवाउँथे। गरिबले विकल्प नहुँदा फापरका परिकार खान्थे। फापरको खान्कीले पनि गरिब धनीबीचको दुरी बढाउँथ्यो। मानव स्वास्थ्यका लागि लाभदायक फापरको महत्त्व नबुझ्दा फापर लोप हुने अवस्थामा पुगेको छ।

पहिला-पहिला हिमाली र पहाडी भेगमा प्रशस्त लगाइने यो बाली अहिले कतैकतै मात्र देख्न सकिन्छ। फापरका विभिन्न जाति भए पनि तिते र मिठे गरी दुई जातको खेती बढी लगाइएको पाइन्छ। फापरमा २४ भन्दा बढी प्रकारका पौष्टिक तत्व पाइन्छ। नेपाली खानामा फापरका कयौं परिकार बन्ने भए पनि अहिलेका युवायुवती यसबारे जानकार छैनन्। चाडपर्वमा मात्र नभई जुनसुकै बेला पनि खाजा वा खानाका रूपमा खान मिल्ने फापर हेपिएको अन्नको रूपमा लिइन्छ। मकै, कोदो, धानलगायत अन्य बाली जस्तो गोडमेल गर्नु नपर्ने, खनजोत गरेर छर्नु मात्रै पर्ने फापर अहिले औषधि साबित भएको छ। ग्रामीण समुदायका मानिसलाई सहरी परिवेशले आकर्षण गरेको हुनाले मौलिक बाली लोप हुँदै गएको पाइन्छ। फापरमा पाइने तत्वबारे धेरै अनुसन्धानपत्र प्रकाशित छन्।

फापर स्वास्थ्यका दृष्टिकोणबाट पनि एक उत्कृष्ट वनस्पतीय भोजन भएको स्वास्थ्यकर्मी बताउँछन्। फापरमा प्रशस्त मात्रामा पाइने म्याग्नेसियम शरीरलाई स्वस्थ राख्न उपयोगी हुन्छ।

फापरमा प्रशस्त मात्रामा रेशादार तत्व, भिटामिन बी १, बी २ र बी ६, प्रोटिन, खनिज पाइन्छ। मासु नखाने साकाहारीका लागि फापर प्रोटिनको स्रोत हो। फापर मधुमेह नियन्त्रणका लागि पनि लाभदायक मानिन्छ। फापरको सेवनले कोलस्ट्रोल घटाउँछ। अध्ययन अनुसार फापरमा रगतमा कोलस्ट्रोल घटाउने र पित्तको पत्थरी हुनबाट बचाउने गुण हुन्छ। यसको सेवनबाट मोटोपन पनि घटाउन सकिने स्वास्थ्यकर्मी बताउँछन्।

फापर मिनरल, भिटामिनको राम्रो स्रोत मानिन्छ। त्यतिमात्र होइन, यसमा कार्बोहाइड्रेड, फाइबर, प्रोटिन, चिल्लो पदार्थ र पानीको मात्रा पनि पाइन्छ। फापर उच्च रक्तचाप हुनेका लागि पनि अत्यन्त राम्रो खाना मानिएको छ। मुटुसम्बन्धी समस्या हुनेले पनि नियमित फापर खाँदा फाइदा हुन्छ। नियमित फापर सेवन गर्नेलाई क्यान्सर लाग्ने जोखिम कम हुन्छ। फापरको प्रयोगले हड्डीसम्बन्धी समस्या आउन नदिने भएकाले नियमित फापरका परिकार सेवन गर्दा उत्तम मानिन्छ।

फापर गरिबको खाना भए पनि धनीका लागि साँचिक्कै औषधि साबित भएको छ। फापरको कलिलो साग उसिनेर भटमासको छोप हालेर खाँदा अति स्वादिष्ट हुन्छ। यसको सागलाई तरकारीको रूपमा प्रयोग गर्न सकिन्छ। फापरको पिठोको ढिँडो पनि खान मिल्छ।

# ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिलाई सम्मान



अर्घाखाँची । अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-७ मा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई सरसफाइका सामग्रीसहित सम्मान गरिएको छ ।

स्थानीय सरकारको अनुभूति गराउने तथा समाजका अनुभव, ज्ञान र योगदानका धनी ज्येष्ठ नागरिकलाई कदर गर्ने र अपाङ्गता भएका व्यक्तिहरूको आत्मसम्मान अभिवृद्धि गर्ने उद्देश्यले वडा कार्यालयले विशेष सम्मान कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा वडा नं. ७ भित्र रहेका ४१ जना ज्येष्ठ नागरिक र २० जना अपाङ्गता भएका व्यक्तिलाई सरसफाइका सामग्री प्रदान गर्दै सम्मान गरिएको थियो ।

कार्यक्रममा वडा अध्यक्ष चुराबहादुर केसीले ज्येष्ठ नागरिक समाजका अमूल्य सम्पत्ति भएको बताए। जीवनको लामो अनुभवबाट प्राप्त ज्ञान, सीप र संस्कार नयाँ पुस्ताका लागि मार्गदर्शन बन्ने भन्दै उनले ज्येष्ठ नागरिकको सम्मान गर्नु सम्पूर्ण समाजको कर्तव्य भएको बताए ।

उनले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समान अवसर र सम्मान प्रदान गर्नुपर्नेमा जोड दिए। स्थानीय सरकारले नागरिकको सुख-दुःखमा साथ दिने र सबै वर्ग तथा समुदायलाई समेटेर अघि बढ्ने उद्देश्यअनुसार यस्ता कार्यक्रमलाई निरन्तरता दिइने उनको भनाइ थियो ।

सम्मान कार्यक्रममा वडा सदस्य पुष्पा नेपाली, मिना ज्ञवाली, डुकलाल पोखरेललगायतको उपस्थिति थियो । कार्यक्रममा सहभागी ज्येष्ठ नागरिकहरूले आफूहरूलाई गरिएको सम्मानप्रति खुसी व्यक्त गर्दै यस्ता कार्यक्रमले ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिप्रति समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने बताए ।

कार्यक्रममा सञ्चारकर्मीलगायतको उल्लेखनीय सहभागिता रहेको थियो । वडा सचिव सीता बीसी पराजुलीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको हो ।

# ठूलो परिमाणमा भन्सार छलीका सामान, गाडी र चालक नियन्त्रणमा



भैरहवा । सीमा क्षेत्रमा हुने अवैध चोरी-तस्करी, राजस्व छली तथा सीमा अपराध नियन्त्रणमा सशस्त्र प्रहरी बल नेपालले आफ्नो सक्रियता थप तीव्र बनाएको छ। यसैक्रममा सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हे.क्वा. डण्डा रुपन्देहीको टोलीले ठूलो परिमाणको भन्सार छलीका सामानसहित गाडी र चालकलाई नियन्त्रणमा लिन सफल भएको छ।

बिहिबार बिहान ११ बजेको समयमा जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. ७ स्थित नारायण थान इलाकामा भारतबाट अवैध रूपमा भन्सार छलेर नेपालतर्फ सामान ल्याइँदै गरेको अवस्थामा सशस्त्र प्रहरीको टोलीले पक्राउ गरेको हो । सशस्त्र प्रहरी नायव उपरीक्षक गोपीकृष्ण भट्टराईको कमाण्डमा खटिएको ७ जनाको गाडी मोबाइल टोलीले नियमित तथा विशेष चेकजाँच गर्ने क्रममा भारतबाट अवैध रूपमा भन्सार छली ल्याउँदै गरेको करिब चार लाख सत्ताइस हजार बराबरको अवैध लत्ताकपडा बरामद गरेको छ । साथै, उक्त अवैध सामान ढुवानीमा प्रयोग गरिएको एघार लाख अनुमानित मूल्य बराबरको लु १ च ८७७६ नम्बरको छोटा हात्ती पिकअप गाडी समेत सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ।

बरामद लत्ताकपडा र ढुवानी साधन गरी जम्मा पन्ध्र लाख सत्ताइस हजार बराबरको बिगो कायम गरी कारबाही अगाडि बढाइएको छ। घटनामा संलग्न सवारी चालक जिल्ला रुपन्देही, सिद्धार्थनगर नगरपालिका वडा नं. ९ उदयपुर बस्ने ४५ वर्षीय सुकै चमारलाई समेत नियन्त्रणमा लिइएको छ। पक्राउ परेका चालक, बरामद कपडा तथा नियन्त्रणमा लिइएको गाडीलाई आवश्यक कानुन बमोजिम थप कारबाहीका लागि स्थानीय भन्सार कार्यालयमा बुझाउने प्रक्रिया भइरहेको सशस्त्र प्रहरीले जनाएको छ।

खुल्ला सीमानाका कारण हुने राजस्व चुहावट र अवैध ओसारपसार नियन्त्रणमा सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हे.क्वा. डण्डा रुपन्देहीले निरन्तर रूपमा दर्शाउँदै आएको सतर्कता र तदारुकता प्रशंसनीय छ।

डिएसपी गोपीकृष्ण भट्टराईको नेतृत्वमा खटिएको टोलीले देखाएको यो व्यावसायिक दक्षता र कडा निगरानीले सीमा क्षेत्रका तस्कर समूह निरुत्साहित बनेका छन् । चाडपर्वको समय नजिकिँदै गर्दा सीमा नाकामा हुनसक्ने अवैध कारोबारलाई पूर्ण रूपमा रोक्न र देशको राजस्व सङ्कलनमा टेवा पुऱ्याउन डण्डा गुल्मले खेल्दै महत्वपूर्ण भूमिका खेल्दै आएका छन् ।


नेपाल सरकार
सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## भूमि प्रशासन कार्यालय, परासी

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

### श्री भूमि प्रशासन कार्यालय नवलपरासी (ब.सु.प.) बाट प्रकाशित हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना।

मिति:- २०८३/०६/२०

झविलाल गिरीको नाति शसिलाल गिरीको छोरा जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं. २ बस्ने भवताल गिरी..१, ऐ. ऐ. को नातिनी ऐ. ऐ. को छोरी ऐ.ऐ. बस्ने गंगावती गिरी.. १, र शसिलाल गिरीको बुहारी युवा गौरीको श्रीमती देवी गिरी..१ समेत ३ (तीन) जनाले छविलाल गिरीको बुहारी, शसिलाल गिरीको दुईवटी श्रीमतीहरु जिल्ला नवलपरासी बर्दघाट नगरपालिका वडा नं. २ बस्ने मृतक जग्गाधनी तथा हामीहरुको आमा/सासुआमा नाता पर्ने चन्द्री गिरी र धनीकला गिरीको क्रमशः मिति २०६०/०७/११ र मिति २०८१/०३/११ गते आ-आफ्नो कालगतीले मृत्यु भएको हो। निज मृतक जग्गाधनीहरुको मृत्यु पश्चात् निजको संयुक्त नाउँमा दर्ता कायम रहेको साविक माकर गा.वि.स. वडा नं. २/ज कि.नं. १२० ज. वि. ० - २-० जग्गाको नजिकको हकवालामा निज जग्गाधनीहरुको श्रीमान तथा हामीहरुको बुबा / ससुराबुबा शसिलाल गिरी रहेकोमा निजको पनि मिति २०५६/१०/०७ गते आफ्नै कालगतीले मृत्यु भएको हो। मृतक जग्गाधनी चन्द्री गिरी र मृतक शसिलाल गिरीको सन्तानको रुपमा एक छोरा भविलाल गिरीको मात्र जन्म भएको र मृतक जग्गाधनी धनीकला गिरी र मृतक शशिकला गिरीको सन्तानको रुपमा तीनजना सन्तान जेठो छोरा युवा गिरी, कान्छो छोरा दया गिरी र एकमात्र छोरी गंगावती गिरीको जन्म भएकोमा जेठो छोरा युवा गिरीको मिति २०६१/०८/०३ गते आफ्नै कालगतीले मृत्यु भएको र निजको नजिकको हकवाला एकमात्र श्रीमती देवी गिरी रहेको, कान्छो छोरा दया गिरीको पनि मिति २०५१/०२/२५ गते अविवाहित अवस्थामा नै आफ्नै कालगतीले मृत्यु भएको र एकमात्र छोरी गंगावती गिरी अविवाहित रहेकोमा मृतक जग्गाधनी जिवित छँदासम्म निजको पालनपोषण, हेरविचार, स्याहारसुसार, औषधी उपचार गरी मृत्यु पछिको काजक्रिया गरी ऋणधन समेत हामी निवेदकहरु भविलाल गिरी, देवी गिरी र गंगावती गिरीले नै संयुक्त रुपमा गर्दै आइरहेकोले माथि उल्लेखित कि.नं. को जग्गा हामीहरुको संयुक्त नाउँमा नामसारी गराई पाऊँ भनी यस कार्यालयमा पेश गरेको माग निवेदन सम्बन्धमा निवेदकहरु भविलाल गिरी, देवि गिरी र गंगावती गिरी बाहेक मृतक जग्गाधनी चन्द्री गिरी र धनीकला गिरीको अन्य छोरा, छोरी तथा नजिकको हकवाला भए वा मृतक जग्गाधनीहरु जिवित छँदासम्म निजको पालनपोषण हेरचाह औषधी उपचार गरी मृत्यु पछिको काजक्रिया गरी ऋणधन व्यहोर्ने काम अन्य कोही कसैले गरेको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस श्री भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा सप्रमाण हकदाबीका लागि सम्पर्क गर्न आउन यो हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना सम्बन्धित सबैका लागि जानकारी गरिएको छ, अन्यथा नियमानुसार भइजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**प्रमुख भूमि प्रशासन अधिकृत**



**लुम्बिनी प्रदेश रुपन्देही जिल्ला रोहिणी गाउँपालिका वडा नं ४ मा कार्यान्वयन हुने आर. के. ग्लास इण्डष्ट्रिज प्रा. लि. प्रस्ताव / आयोजनाको**

### प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मितिः २०८३/०६/२२

| | |
|---|---|
| **प्रस्तावक** | (क) नामः आर. के. ग्लास इण्डष्ट्रिज प्रा.लि.<br>(ख) ठेगानाः रोहिणी गाँउपालिका, वडा नं ४. रुपन्देही<br>(ग) फोन नः ९८५७०११०५३ |
| **प्रस्तावको व्यहोरा** | (क) कार्यान्वयन हुने स्थानः रोहिणी गाँ.पा. ४. छिपागढ, रुपन्देही (ख) जग्गा विवरणः साविक छिपागढ १ घ कित्ता नं. ४६९ क्षेत्रफल जम्माः १-०-० (१५२७०.१० व.मि.)<br>(ग) लगानीः रु ४० करोड (अधिकृत पूँजी)<br>(घ) लगानी किसिमः नीजि<br>(ङ) उत्पादनः अलुमिनियम कोटेड ऐना ( Aluminum Coated Mirrors) |
| **प्रभाव पर्न सक्ने जिल्ला / स्थानीय तह** | रुपन्देही जिल्लाको रोहिणी गाँ.पा. वडा नं ४ सबै |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा यस क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष,रसायनिक पक्ष, समाजिक पक्ष, साँस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा प्रभाव यकिन गर्न स्थानीय तहमा रहेका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिनको लागि यो सार्वजनिक सूचना जारी गरिएको छ यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टाँस भएको निकाय वा वन तथा वातावरण मन्त्रालयमा वा निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनरोध गरिन्छ

**राय सूझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| **प्रस्तावकः** | आर. के. ग्लास इण्डष्ट्रिज प्रा. लि.<br>रोहिणी गाँ.पा. ४. छिपागढ, रुपन्देही<br>फोन नः९८५७०११०५३ |
| **परामर्शदाताः** | धरातल सेवा, सिद्धार्थनगर न.पा. ७.रुपन्देही<br>इमेलः earthservices2013@gmail.com, फोन नः ९८१८५५५५३९ |



## Siddharthanagar Municipality

Office of the Municipal Executive

Siddharthanagar, Rupandehi

### Invitation for Sealed Bids

First Date of Publication: 2083-06-23 (9th October, 2026)

1. Siddharthanagar Municipality Office, Siddharthanagar, RupandehiinvitesSealed bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedure fromS.N.1 to 8, name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of work | Estimated Amount without VAT & Contingency but including PS | Bid Document Fee Amount | Bid Security Amount | Pre-Bid Meeting | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SNP/NCB-01/083/084 | Construction and Upgrading Works of Durga Path & Yati hotel back side Road at Ward No. 13. | NRs. 46,84,832.46 | NRs. 3000 | NRs. 1,30,000.00 (One Lakh Thirty Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-13 (30th October, 2026)<br>Before 12:00 NOON | 2083-07-13 (30th October, 2026)<br>13:00 PM |
| 2 | SNP/NCB-02/083/084 | Construction and Upgrading of Drain & Road Infrastructure at Various location of Ward No.1 | NRs. 30,34,246.73 | NRs. 3000 | NRs. 85,000.00 (Eighty-Five Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-13 (30th October, 2026)<br>Before 12:00 NOON | 2083-07-13 (30th October, 2026)<br>13:00 PM |
| 3 | SNP/NCB-03/083/084 | Construction and Upgrading of Road Infrastructure at DurgaPath,WardNo.4 | NRs. 21,69,190.22 | NRs. 3000 | NRs. 60,000.00 (Sixty Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-13 (30th October, 2026)<br>Before 12:00 NOON | 2083-07-13 (30th October, 2026)<br>13:00 PM |
| 4 | SNP/NCB-04/083/084 | Upgrading and Construction of Road at durga colony buddhamargasambhupanth to rajuneupane house to south road , Ward no. 06. | NRs. 18,22,088.80 | NRs. 3000 | NRs. 50,000.00 (Fifty Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-13 (30th October, 2026)<br>Before 12:00 NOON | 2083-07-13 (30th October, 2026)<br>13:00 PM |
| 5 | SNP/NCB-05/083/084 | Upgrading & infrastructure development of Road, Drain and other structures atPiprahiyagaun to Border of Ward no. 11. | NRs. 29,06,202.33 | NRs. 3000 | NRs. 80,000.00 (Eighty Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-17 (3rd November, 2026)<br>Before 12:00 NOON | 2083-07-17 (3rd November, 2026)<br>13:00 PM |
| 6 | SNP/NCB-06/083/084 | Construction and Upgrading of Siddhartha highway to east way to traffice police office(Side of GodarEnginnering) Road at Ward No. 09. | NRs. 22,09,079.81 | NRs. 3000 | NRs. 60,000.00 (Sixty Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-17 (3rd November, 2026)<br>Before 12:00 NOON | 2083-07-17 (3rd November, 2026)<br>13:00 PM |
| 7 | SNP/NCB-07/083/084 | Upgrading and Construction of Drain & Road at Ma. Janaki Path of Ward no. 03. | NRs. 22,08,514.57 | NRs. 3000 | NRs. 60,000.00 (Sixty Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-17 (3rd November, 2026)<br>Before 12:00 NOON | 2083-07-17 (3rd November, 2026)<br>13:00 PM |
| 8 | SNP/NCB-08/083/084 | Upgrading and Construction of SuryadevMa.Vi Hall at Ward no. 10. | NRs. 32,12,725.68 | NRs. 3000 | NRs. 90,000.00 (Ninety Thousand Only) | 2083-06-30 (16th October, 2026)<br>11:00 AM | 2083-07-17 (3rd November, 2026)<br>Before 12:00 NOON | 2083-07-17 (3rd November, 2026)<br>13:00 PM |

| Bank Name | Name of Office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Agriculture Development Bank, Siddharthanagar,Rupandehi | Siddharthanagar Municipality, Office of the Municipal Executive Siddharthanagar, Rupandehi | Antarik Rajaswa (revenue) Khata<br>04-146-01145634-20-8 (ga-1-1) | Dharauti Khata<br>04-146-01145634-03-8 (ga-3) |

2. Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments.
3. A complete set of Bidding Documents may be purchased from the officeSiddharthanagar Municipality, Office of the Municipal Executive, Siddharthanagar-5, Rupandehiby eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee ofRs.3000.00till 2083-07-12 (29th October, 2026)under NCB Bidding Procedure fromS.N. 1 to 4 and till 2083-07-16 (2ndNovember, 2026)under NCB Bidding Procedure from S.N. 2 to 8during office hours.
4. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 04-146-01145634-03-8 (ga-3) at Agricultural Development Bank and submit the receipt of the deposited amount of cash along with the bid.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Any amendment in the notice or bid documents shall be published on the official website of this officeunder NCB Bidding Procedure fromS.N. 1 to8mentioned above. Eligible Bidders may contact Siddharthanagar Municipality at Ph No. 9857085760 for further information.

**Chief Administrative Officer**



### ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

### ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

### ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# मेलाबारे टोल विकास संस्थाका अध्यक्षहरूसँग अन्तरक्रिया



तिलोत्तमा । तिलोत्तमा उद्योग वाणिज्य संघ, रुपन्देहीले आगामी मंसिर ३ गतेदेखि १६ गतेसम्म आयोजना गर्न लागेको नवौं राष्ट्रिय औद्योगिक व्यापार मेला, कृषि, प्रविधि एवम् पर्यटन प्रवर्द्धन महोत्सव-२०८३ लाई सफल बनाउन तिलोत्तमा क्षेत्रका टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूसँग अन्तरक्रिया गरेको छ।

"उद्योग, कृषि, प्रविधि र पर्यटनमा लगानी–दिगो आर्थिक विकासका लागि नवौं तिलोत्तमा राष्ट्रिय प्रदर्शनी" भन्ने मूल नाराका साथ आयोजना हुन लागेको महोत्सवका विषयमा आयोजित अन्तरक्रिया कार्यक्रममा १२० भन्दा बढी टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा महोत्सवलाई भव्य, सभ्य, सुरक्षित तथा व्यवस्थित रूपमा सम्पन्न गर्न स्थानीय समुदायको भूमिका, सहभागिता र सहकार्यका विषयमा विस्तृत छलफल गरिएको थियो।

सहभागी टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूले महोत्सवलाई सफल बनाउन आफ्नो क्षेत्रबाट आवश्यक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रमको अध्यक्षता तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले गरेका थिए भने सञ्चालन संघका महासचिव श्री राजकुमार पाण्डेले गरेका थिए।

अन्तरक्रियाका क्रममा महोत्सवको मूल आयोजक समितिमा टोल विकास संस्थाका अध्यक्षहरूको प्रतिनिधित्व, महोत्सवलाई राष्ट्रिय मापदण्डअनुसार अनुशासित, सुरक्षित तथा भव्य रूपमा सञ्चालन गर्न आवश्यक स्थानीय सहकार्य, टोल-टोलमा उत्पादन हुने घरेलु, हस्तकला, कृषि, प्रविधि तथा स्थानीय उत्पादनको प्रदर्शनी र प्रवर्द्धन लगायतका विषयमा छलफल भएको थियो। त्यसैगरी तिलोत्तमा क्षेत्रका स्थानीय कला, प्रतिभा, मौलिक संस्कृति, भेषभूषा तथा झाँकीलाई महोत्सवको मञ्चमार्फत प्रवर्द्धन गर्ने तथा महोत्सवलाई थप प्रभावकारी र परिस्कृत बनाउन टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरूबाट राय, सुझाव र नवीन अवधारणा संकलन गरिएको छ। संघका अध्यक्ष कार्कीले महोत्सवलाई केवल व्यापारिक गतिविधिमा सीमित नराखी उद्योग, कृषि, प्रविधि, पर्यटन, उद्यमशीलता तथा लगानीलाई एउटै साझा मञ्चमा जोड्ने आर्थिक अभियानका रूपमा विकास गर्न खोजिएको बताए।

उनले स्थानीय समुदायको सक्रिय सहभागिता, निजी क्षेत्रको नेतृत्व र सार्वजनिक तथा निजी क्षेत्रबीचको सहकार्यबाट महोत्सवलाई राष्ट्रियस्तरमा प्रभावकारी बनाउन सकिने बताउँदै सबै पक्षको सहयोग आवश्यक रहेको उल्लेख गरे। महोत्सवमार्फत् स्थानीय उत्पादनलाई राष्ट्रिय बजारसँग जोड्ने, लगानीका सम्भावना पहिचान गर्ने, स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्ने तथा तिलोत्तमाको आर्थिक एवं पर्यटन पहिचानलाई थप स्थापित गर्ने उद्देश्य लिइएको छ।

# निशुल्क स्वास्थ्य शिविरमा पौने दुई सयजनाको स्वास्थ्य परीक्षण

परासी । रामग्राम नगरपालिकले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ। रामग्राम नगरपालिका र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत सेवा पहुँच परियोजनाको आयोजना तथा युनिभर्सल कलेज अफ मेडिकल साइन्सेस, भैरहवाका विशेषज्ञ चिकित्सकको सहयोगमा रामग्राम-१६ स्थित हकुई स्वास्थ्य चौकीमा बुधबार शिविर सञ्चालन गरिएको हो।

नगरपालिकाले महिला तथा किशोरीहरूको स्वास्थ्य समस्या पहिचान तथा समयमै उपचार र परामर्श प्रदान गर्ने उद्देश्यले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको स्वास्थ्य शाखा जनस्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए।

शिविरको शुभारम्भ गर्दै रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादवले महिला तथा किशोरीहरूमा देखिने स्वास्थ्य समस्याको पहिचान गरी समयमै निवारण गर्ने उद्देश्यले शिविर आयोजना गरिएको बताए। शिविरमा १८३ जना महिला तथा किशोरीले स्वास्थ्य परीक्षण गराएका छन्। स्वास्थ्य परीक्षण गराउनेमध्ये १२३ जना महिला र ६० जना किशोरी रहेका छन्।

स्वास्थ्य परीक्षण गरिएका १२३ जना महिलाको आगामी कात्तिक १२ गते पाठेघरको मुखको क्यान्सरको प्रारम्भिक पहिचानका लागि भिआइए परीक्षण गरिने पनि स्वास्थ्य शिविर आयोजना गरिने (आइजिबिभिआरएन) परियोजनाका विज्ञ अनुप खड्काले जानकारी दिए।

परियोजनाअन्तर्गत महिला तथा किशोरीलाई स्वास्थ्य सेवामा पहुँच विस्तार गर्ने उद्देश्यले आगामी असोज २४ गते रामग्राम-१७ मा निःशुल्क शिविर संचालन हुने छ।

लुम्बिनी प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## सडक पूर्वाधार विकास कार्यालय

तम्घास, गुल्मी

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८३/०६/२३

यस कार्यालयको मिति 2083/03/09 तथा 2083/03/10 गते EGP Portal https:/bolpatra.gov.np/egp/ मा प्रकाशित Invitation for Bid No: IFB07/082/83 तथा IFB08/082/83 को सुचना अनुसार देहाय कार्यका लागी निर्धारित समय भित्र रितपूर्वक दर्ता भएका विद्युतिय बोलपत्रहरु खोलि प्राविधिक प्रस्ताव मूल्याङ्कनमासफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति 2083/06/13 गते खोलि आर्थिक प्रस्तावको मूल्याङ्कन पश्चात तपसिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र सारभुतरुपमा प्रभावग्राही रहेको, कबोल गरेको औसत अङ्कसँग सबैभन्दा नजिक भएको र लागत अनुमान भन्दा सारभुतरुपमा बढी नभएकोले बोलपत्र स्वीकृतको लागि छनौट भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद ऐन, 2063 को दफा 27 को उपदफा (2) र (3) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| S.N. | Contract ID. No.and Name of Project | Substantially Responsible Evaluated Bid Closest to the Average Bid Price . | Bid Amount (Including VAT and PS), NRs. |
|---|---|---|---|
| 1 | RIDO/GUL/W/NCB/ROAD/127/082-83: Upgrading of Chhaldi-Panaha-Indragauda Road (Ch: 3+200 to 3+740 and 8+900 to +560 | M/S Atlantic Construction Pvt. Ltd, Rasuwa. | 53,241,688.74 |
| 2 | RIDO/GUL/W/NCB/ROAD/128/082-83: Upgrading of Siladi Ghamir Arkhabang Palika Pahunch Marga Motarable Road, Gulmi | M/S Shankar Nirman Sewa, Gulmi–M/S Fourteen Star Developers and Suppliers Pvt. Ltd., Gulmi–M/S Jog ma Builders, Gulmi. J.V. | 54,910,822.58 |
| 3 | RIDO/GUL/W/NCB/ROAD/129/082-83: Upgrading of Ghumaune–Tallo Koreng–Chhapchaur – Bareng Road, Kaligandaki, Gulmi | M/S Gurung Nirman Sewa, Parbat.–M/S Aarav and Company Pvt. Ltd., Kathmandu. J.V. | 54,403,044.00 |
| 4 | RIDO/GUL/W/NCB/ROAD/130/ 082-83: Upgrading of Ratamata Coffee Anusandhan Kendra Jhamadi Aampokhara Road, Rurukshetra, Gulmi | M/S Jeevan & Brothers Construction, Palpa.–M/S Narsimha Engineering & Construction Pvt. Ltd., Kathmandu. J.V. | 53,031,957.35 |
| 5 | RIDO/GUL/W/NCB/ROAD/131/082-83: Upgrading of Darbar Hatiya Chiniyapokhari hundai Bharawa Road, Gulmidarbar–06, Gulmi | M/S Sagar Nirman Sewa, Arghakhanchi. | 55,798,806.01 |
| 6 | RIDO/GUL/W/NCB/ROAD/132/ 082-83: Upgrading of Gaudakot Resunga Road, Gulmidarbar–03, Gulmi | M/S Siddhababa Construction Nirman Sewa. Gulmi–M/S Biten Construction and Suppliers Pvt. Ltd., Kathmandu. J.V. | 55,749,258.53 |
| 7 | RIDO/GUL/W/NCB/ROAD/133/ 082-83: Upgrading of Patauti Durgafant Kukhure Deurali Kharjyang Rangbas Simichaur Tamghas Road (Deurali–Bakhrechheda Section), Resunga, Gulmi | M/S Shankar Nirman Sewa, Gulmi– M/S Western Popular Construction Pvt. Ltd., Gulmi–M/S Kalika Nirman Sewa Company Pvt. Ltd., Rupandehi. J.V. | 77,545,804.58 |
| 8 | RIDO/GUL/W/NCB/TB/134/082-83: Fabrication, Supply, Transportation, Construction and Erection of 'Bharse Khola Trail Bridge, Basaudi Aarupata, Satyawati–07, Gulmi' Through Construction Turnkey Packages (CTP) | M/S B. Lama Nirman Sewa., Kavrepalanchok. | 22,559,320.00 |
| 9 | RIDO/GUL/W/NCB/TB/135/ 082-83: Fabrication, Supply, Transportation, Construction and Erection of 'Bansdanda Galdachauri Timle Khola Trial Bridge, Dhurkot–03 & Madane–07, Gulmi' Through Construction Turnkey Packages (CTP) | M/S Juction Nirman Sewa & Suppliers Pvt. Ltd., Rukum East . | 17,049,440.00 |

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## कपिलवस्तु अस्पताल

तौलिहवा, कपिलवस्तु

## शिलबन्दी बोलपत्र हार्डकपी आब्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/२३ (09-10-2026)

यस कपिलवस्तु अस्पताल, तौलिहवा, कपिलवस्तुमा आ.व. २०८३/८४ मा अस्पतालको लागि आवश्यक पर्ने तपशिलमा उल्लेखित खरिद कार्य गर्नुपर्ने भएकाले इजाजत प्राप्त उत्पादक कम्पनी/फर्म/आधिकारिक बिक्रेताहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकखुला शिलबन्दी(हार्ड कपी)बोलपत्र आव्हान गरिएको छ। योग्यता पुगेका इच्छुक बोलपत्र दाताले तपशिलको राजश्व खातामा जम्मा गरेको भौचरसहित कपिलवस्तु अस्पतालको मिति २०८३/०७/१२ गते कार्यालय समय भित्र प्रशासन शाखाबाट बोलपत्र कागजातहरु खरिद गरि मिति २०८३/०७/१३ (30-10-2026) गते दिनको १२:००बजे सम्म पेश (Submit) गर्नुपर्नेछ। पेश भएका बोलपत्रहरु मिति २०८३/०७/१३ (30-10-2026) गते १४:०० बजे खोलिनेछ। विस्तृत सूचना तथा जानकारीको लागि अस्पतालको वेबसाईट www.kapilvastuhospital.lumbini.gov.np मा हेर्नुहुन र यस अस्पतालमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा सूचीत गरिन्छ।

तपशिलः

| IFB No. | Description | Price of Bid Document | Bid Security | Remarks |
|---|---|---|---|---|
| 06NCB/ Goods/KPH-083/84 | Supply and DeliveryX–Ray Films (closed) Compatable For Carestream Dryview 5950 Printer For Hospital | 3,000.00 | 90,000.00 | |

बैंकको नाम :- बोलपत्र कागजात खरिद वापतको रकम राष्ट्रिय बाणिज्य बैंक, तौलिहवा, कपिलवस्तु, कार्यालयको नाम :- कपिलवस्तु अस्पताल,कार्यालय कोड नं :- ३७००१४९०२५
खाता नं.:- १०००१००२०००१००००, राजश्व शिर्षक नं.:- १४२२९

बोलपत्र जमानत वापतको रकम राष्ट्रिय वाणिज्य बैंक, तौलिहवा, कपिलवस्तुमा रहेको प्रदेश लेखा नियन्त्रक ईकाइ कार्यालय, तौलिहवाको धरौटी खाता नं. ३११०१००२०२०३०००० मा जम्मा गरेको भौचरको Scan copy वा बोलपत्र पेश गर्ने अन्तिम मिति देखि कम्तिमा १२० दिनको म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी गरिएको Bid Security को Scan Copy संलग्न गर्नुपर्नेछ।

**कार्यालयप्रमुख**

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस!
आइडिया
डिजाइनर्स/
अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com